# पशुपतिनाथमा तीजको तयारी पूरा



काठमाडौं(जस)-हरितालिका (तीज) पर्वमा पशुपतिनाथ दर्शनका लागि सबै तयारी पूरा भएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ । तीजका अवसरमा दर्शन गर्न आउने भक्तजन एवं विशेष गरी हिन्दू नारीहरूको सुविधाका लागि आवश्यक पर्ने सुरक्षा, स्वयंसेवा, चन्दनप्रसाद, दर्शनमार्गको व्यवस्थापन एवं सुधार, आकस्मिक स्वास्थ्यसेवा, उपासनासहितको मनोरञ्जनात्मक गीत, सङ्गीत, भजनकीर्तन, दिपावली, व्रतालुको गौदान गर्ने स्थानको व्यवस्थालगायत तयारी पूरा भएको पशुपतिनाथ क्षेत्र विकास कोषले जनाएको छ ।

पशुपति क्षेत्रको बाहिरी भागबाट मन्दिर छिर्न चारवटा मागको व्यवस्था गरिएको छ । पहिलो मार्ग गौरीघाट-उमाकुण्ड-दक्षिणामूर्ति-रुद्रगाडेश्वर-वासुकी हुँदै उत्तरढोकाबाट मन्दिर प्राङ्गण प्रवेश गरी पश्चिम मूलढोकाबाट बाहिर निस्किएर कैलाश दक्षिण जुत्ताचप्पल कक्षबाट हुँदै फर्कने व्यवस्था मिलाइएको छ । दोस्रो मार्ग मित्रपार्क-जयवागेश्वरी-पाचागणेश-भीमसेनस्थान-भूवनेश्वरी-शङ्कराचार्य मठ दक्षिण हुँदै फलामे पुल पश्चिम सानो ढोकाबाट मन्दिर प्राङ्गण प्रवेश गरी पश्चिम मूलढोका हुँदै बाहिरिने र शङ्कराचार्य मठ दक्षिण जुत्ताचप्पल कक्ष हुँदै फर्कने व्यवस्था गरिएको छ ।

यस्तै, पिङ्गलास्थान-चारशिवालय-पञ्चदेवल-बज्रघर-दक्षिण ढोकासम्मको लाइनलाई कोटिलिङ्गेश्वर मन्दिर छेउको सानो ढोकाबाट मन्दिर प्राङ्गण प्रवेश गरी दक्षिण ढोका हुँदै बाहिरिने र पञ्चदेवल पूर्व अस्थायी रूपमा निर्माण गरिएको जुत्ताचप्पल कक्ष हुँदै फर्कन तेस्रो मागको व्यवस्था गरिएको कोषले जनाएको छ । चौथो मार्ग तिलगङ्गा-राम मन्दिर हुँदै बागमती नदी पूर्व किनार हुँदै आर्यघाट नजिकको पुल तरेर श्रीपशुपतिनाथ मन्दिरको पूर्व ढोकाबाट प्रवेश गरी पूर्व ढोकाबाटै बाहिरिने र आर्यघाट नजिकको पुलसँगैको अस्थायी जुत्ताचप्पल कक्षबाट जुत्ताचप्पल लिई फर्कने व्यवस्था मिलाइएको छ । मूल मन्दिरभित्र भने आठ वटा लामको व्यवस्था गरिएको कोषका निमित्त सदस्य सचिव सुभाषचन्द्र जोशीले जानकारी दिए । दर्शनार्थीले छिटो दर्शन गरी फर्कन सक्ने गरी बिहान ३ बजेदेखि नै मन्दिरका चारवटै ढोका खोल्ने व्यवस्था मिलाइएको उनले बताए ।

श्रीपशुपतिनाथको मन्दिरमा गरिने श्रीयन्त्र पूजाको समयमा जाली राखी बाहिरबाटै दर्शन गर्न सक्ने गरी व्यवस्था मिलाइएको छ । दर्शन गरी फर्कदा पशुपतिनाथ मन्दिर प्राङ्गणभित्र दर्शनार्थी र अन्य भक्तजनको सुविधाका लागि मन्दिरको चन्दन पश्चिम ढोका बाहिर सानोसदावर्त सत्तल, पञ्चदेवल पूर्वदक्षिण, उमाकुण्ड, दक्षिणामूर्ति, तिलगङ्गा, वनकाली, गौशाला, जयवागेश्वरीमा वितरणको व्यवस्था मिलाइएको छ । पर्यटक प्रवेश शुल्क तिरी टिकट लिएका तेस्रो मुलुकका पर्यटकलाई मेला क्षेत्रमा (मन्दिर प्राङ्गणबाहेक) अवलोकन भ्रमण गर्न दिइने कोषका सूचना अधिकारी अनिता भट्टले बताईन् । भक्तजनबाट गौदान, पूर्णपात्रो जस्ता ब्राह्मण प्रयोग गरी गरिने धार्मिक कार्यका लागि भकुण्टोल-वनकाली मार्गको दायाँबायाँ क्षेत्रमा व्यवस्था मिलाइएको जानकारी उनले जानकारी दिईन् ।

बहुमूल्य गरगहना लगाएर र ससाना बालबालिकालाई साथमा लिएर पशुपतिनाथको दर्शनमा नआउन कोषले भक्तजनमा अनुरोध गरेको छ । भगवान् श्रीपशुपतिनाथका नित्य दर्शनार्थीहरू बिहान ५:३० बजेसम्मका लागि मात्र उपर्युक्तानुसारका चार ढोकामध्ये जुनसुकै ढोकाबाट प्रवेश गरी दर्शन गर्न सक्ने व्यवस्था मिलाइएको छ । मन्दिर दर्शनका लागि कुनै पनि किसिमको पासको व्यवस्था नगरिएको कोषका कोषाध्यक्ष नारायणप्रसाद सुवेदीले जानकारी दिए । विगतका वर्षमा जस्तै यसवर्ष पनि तीजका लागि नेपाल प्रहरीका साथै सशस्त्र प्रहरी बल नेपालसँग समन्वय गरी सुरक्षाको प्रबन्ध मिलाइएको छ । आवश्यकताअनुसार नेपाली सेनाको सहयोग लिइने कोषले जनाएको छ । साथै राष्ट्रिय अनुसन्धान विभागबाट मेला क्षेत्रमा पर्याप्त अनुगमनको व्यवस्था मिलाइएको छ । मेला क्षेत्रमा पाकेटमारी र अनियमित क्रियाकलाप हुन नदिन सादा पोसाकमा प्रहरी खटाइ पर्वको दुई दिन अघिदेखि नै त्यस्ता क्रियाकलापमा संकास्पद व्यक्तिलाई नियन्त्रणमा लिई राख्ने व्यवस्था भएको छ । यसका साथै स्वयंसेवक परिचालन, स्वास्थ्य शिविर, सरसफाइलगायत व्यवस्था चुस्त रूपमा गरिएको कोषले जनाएको छ ।

# राष्ट्रपति पौडेलसँग भियतनामकी उपराष्ट्रपतिको शिष्टाचार भेटवार्ता

काठमाडौं(जस)-राष्ट्रपति रामचन्द्र पौडेल र नेपाल भ्रमणमा रहेकी समाजवादी गणतन्त्र भियतनामकी उपराष्ट्रपति भो थि आन सुआनबीच भेटवार्ता भएको छ । राष्ट्रपति कार्यालय शीतलनिवासमा आज (सोमबार) उनीहरूबीच भेटवार्ता भएको हो । नेपाल-भियतनाम कूटनीतिक सम्बन्ध स्थापनाको ५० वर्ष पूरा भएको अवसरमा उपराष्ट्रपति यादवको निमन्त्रणामा भियतनामका उपराष्ट्रपति सुआन शुक्रबार नेपाल आएकी हुन्।यसअघि उनले उपराष्ट्रपति रामसहाय यादवसँग द्वीपक्षीय प्रतिनिधि मण्डलसहितको भेटवार्ता गरेकी थिइन् । त्यस्तै प्रधानमन्त्रै केपी शर्मा ओली र परराष्ट्रमन्त्री आरजु राणा देउवासँग पनि भेटवार्ता गरेकी थिइन् ।

**पाटन र बौद्धनाथ क्षेत्रको अवलोकन**

नेपालको औपचारिक भ्रमणमा रहेकी समाजवादी गणतन्त्र भियतनामकी उपराष्ट्रपति भोथि आन सुआनले आज विश्वसम्पदा सूचीमा सूचीकृत पाटन दरबार स्वायर र बौद्धनाथ क्षेत्रको अवलोकन गरेकी छन् । उनलाई पाटन दरबार क्षेत्रमा ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनलगायत सरकारी अधिकारीले स्वागत गरेका थिए । उनले पाटन दरबार क्षेत्रका विभिन्न सम्पदा, हस्तकला, मूतिकलाको अवलोकन गरिन् ।

यसअघि उपराष्ट्रपति सुआनले आजै बौद्ध धर्मावलम्बीको पवित्र स्थल बौद्धनाथ क्षेत्रको पनि अवलोकन गरिन् । उनलाई बौद्धनाथ क्षेत्र विकास समितिका अध्यक्ष राजकुमार लामा र कार्यकारी निर्देशक मोहनकुमार तामाङले स्वागत गरे । उपराष्ट्रपति सुआन नेपालको तीनदिने औपचारिक भ्रमणका सिलसिलामा शनिबार काठमाडौं आएकी हुन् । भ्रमणका दौरान उनले राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री केपी शर्मा ओलीसँग छुट्टाछुट्टै शिष्टाचार भेटवार्ता गरेकी थिईन् । उनले आफ्ना नेपाली समकक्षी रामसहायप्रसाद यादवसँग द्विपक्षीय भेटवार्ता गरेकी थिईन् भने परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले उनीसँग शिष्टाचार भेटवार्ता गरेकी थिईन् । नेपाल भ्रमण सम्पन्न गरी उनी सोमबारै राति काठमाडौंबाट प्रस्थान गरेकी छन् ।

# बेलायतमा हजारौ नेपालीले दिए कुलमानको उज्यालो नेपाल अभियानलाई साथ

लन्डन(जस)-बेलायतवासी नेपालीहरुले सामाजिक अभियन्ता तथा नेपाल विद्युत प्राधिकरणका पूर्व कार्यकारी निर्देशक कुलमान घिसिङले शुरु गरेको उज्यालो नेपाल अभियानलाई साथ दिने घोषणा गरेका छन् । आइतबार लन्डन नजीकै केम्प्टन पार्कमा तमु धिं युकेद्वारा आयोजित १६ औं नेपाली मेलामा सहभागी झन्डै १५ हजार जनसमुदायलाई सम्बोधन गर्दै घिसिङले बत्तीको उज्यालोले मात्रै नभएर नेपालको समग्र क्षेत्रमा उज्यालो ल्याउनका लागि उज्यालो नेपाल अभियान सुरु गरिएको बताए । उनले उक्त अभियानमा साथ र सहयोग गर्न सबैलाई आग्रह गरेपछि मेलामा उपस्थित हजारौं जनसमुदायले हात उठाउँदै उक्त अभियानमा आफ्नो साथ र समर्थन रहेको जनाएका थिए ।

घिसिङले नेपालको समग्र रुपान्तरणका लागि सही राजनीतिक नेतृत्व आवश्यक रहेको बताए । उनले राजनीति सही नभएसम्म मुलुकले फड्को मार्न नसक्ने बताए । मुलुकमा छिटो भन्दा छिटो आर्थिक परिवर्तन गर्न र विदेशिएका नेपालीलाई नेपाल फर्काउन पनि नीति र नेतृत्वमा पनि व्यापक परिवर्तन आवश्यक भएको उनले बताए । उनले ३० वर्षसम्म विभिन्न जिम्मेवारीमा बसेर काम गर्दा गरेको सही नेतृत्व नहुँदासम्म देश अगाडी बढ्न नसक्ने निर्क्यौलमा आफु पुगेको बताए । उनले नेपालको रुपान्तरणका लागि आवश्यक परे स्वदेश फर्कन तयार रहन पनि आह्वान गरे ।

खाडी मुलुकहरु साथै अमेरिका र युरोपका विभिन्न मुलुकहरुको भ्रमण गरेर बेलायत आइपुगेका घिसिङले २०७२ सालको संविधानमा एनआरएन नागरिकताको प्रावधान रहेता पनि दश वर्ष सम्म कानून बन्न नसकेकाले त्यो कार्यान्वयनमा आउन नसकेको बताए । "अब थप ढीला नगरिकन यसलाई छिटो भन्दा छिटो कार्यान्वयनमा ल्याउनु पर्छ," उनले भने । घिसिङले सगरमाथा, भगवान गौतम बुद्ध र गोर्खाजले नेपाललाई संसारभरि चिनाएको बताउँदै गोर्खा सैनिकहरुको माग जति सक्दो चाडो पुरा गर्न आग्रह पनि गरे। "एक पटकको नेपाली सधैंको नेपाली" भन्ने मूल मर्म अनुरुप वंशजको नागरिकताको निरन्तरताको विषयमा आफ्नो पूर्ण समर्थन रहेको उनले बताए ।

मेलाका प्रमुख अतिथि बेलायतका लागि नेपाली राजदूत चन्द्र कुमार घिमिरेले सन् २००९ देखि शुरु मेलाले नेपालीको मन, मुटु र नेपालको सांस्कृतिक विविधता यूके ल्याएको बताए । 'नेपालीहरु जहां जान्छन्, आफू संगै नेपाल लिएर जान्छन् भन्ने प्रमाण यो हो', उनले भने, 'बेलायतको यो भूमिमा नेपाललाई विविध र ऐतिहासिक रुपमा प्रस्तुत गरेर तमुधिं यूकेले इतिहास रचेको छ ।' नेपालले अहिले आर्थिक उन्नततिको एजेण्डामा काम गरिरहेको बताउँदै राजदूत घिमिरेले बेलायत बस्ने प्रत्येक नेपालीलाई कम्तीमा तीनजना बेलायतीलाई नेपाल लैजान पहल गर्न पनि उनले आग्रह गरे । नेपालको समुन्नतिमा बेलायतका नेपालीको उल्लेख्य योगदान रहेको भन्दै उनले दोश्रो पुस्तालाई पनि नेपालसंग जोड्न अनुरोध गरे । उनले भूतपूर्व गोर्खाको योगदानले गर्दा नेपाल तथा बेलायतबीचको सम्बन्ध अरु सुदृढ भएको बताए। उनले नेपाली संस्कृति र सम्पदाको जगेर्ना गर्न तमु धिं युकेले गरिरहेको प्रयासको प्रशंसा पनि गरे । तमु धिं युकेका अध्यक्ष जुमकाजी गुरुङको अध्यक्षतामा आयोजित कार्यक्रमको संचालन महासचिव डा बिशाल गुरुङले गरेका थिए । उक्त मेलामा ४४ ओटा सांस्कृतिक झाँकी प्रदर्शन गरिएको थियो भने झन्डै ७० ओटा विभिन्न संस्था तथा व्यवसायले आफ्नो स्टल राखेका थिए । मेलामा झांकी र नृत्य दुवैमा उत्कृष्ट भएर पासा पुचः गुथि यूके प्रथम बन्दै ११०० पाउण्डसहित एम्बासडर कप जित्यो भने किरात याक्थुङ चुम्लुङ यूके दोश्रो र किरात राई यायोख्या यूके तृतीय बने ।

**'सही नेतृत्व नभएसम्म देशको विकास हुन नसक्ने'**

नेपाल विद्युत् प्राधिकरणका पूर्व कार्यकारी निर्देशक कुलमान घिसिङले सही नेतृत्व नभएसम्म देशको विकास हुन नसक्ने बताएका छन् । नेपाल आदिवासी जनजाति महासङ्घ पोर्चुगलको आयोजनामा राजधानी लिस्बनमा आयोजित कार्यक्रममा पूर्व कार्यकारी निर्देशक घिसिङले सबै समस्या नेतृत्व तहसँग जोडिने भएकाले देशको समग्र विकासका लागि राजनीतिक नेतृत्व सही हुनुपर्ने जिकिर गरे । "सही व्यक्ति सही ठाउँमा भए सबै कुरा सही नै हुन्छ । नेपालमा यस्तो नहुँदा समस्या देखिएको हो", उनले भने, "नेपालमा केही भएको छैन भन्ने होइन, परिवर्तन भएको छ । सामाजिक, राजनीतिक र आर्थिक क्षेत्रमा परिवर्तन भएको छ ।" राम्रो गरौं भनेर आएकाहरुलाई प्रोत्साहन गर्नुपर्नेमा पूर्व कार्यकारी निर्देशक घिसिङले जोड दिए ।

# काठमाडौं महानगरविरुद्ध कवाड व्यवसायीको प्रदर्शन

काठमाडौं(जस)-काठमाडौं महानगरविरुद्ध कवाड व्यवसायीहरुले प्रदर्शन गरेका छन् । सोमबार पत्रकार सम्मेलन गर्दै विभिन्न पाँच बुँदे माग सम्बोधन नभएसम्म आन्दोलन जारी राख्ने बताएका हुन् । कवाड व्यवसायी, संकलक र मजदुरको जिउ-धनको सुरक्षा सुनिश्चित गर्न तत्काल हस्तक्षेपकारी नीति लिन सरकारलाई उनीहरुको आग्रह छ । काठमाडौं महानगरका प्रहरीले पछिल्लो दुई वर्षभित्र कवाड व्यवसायीमाथि पुऱ्याएको क्षतिको क्षतिपूर्ति तत्काल दिनुपर्ने उनीहरूको माग छ ।

संवैधानिक हक अधिकारको ग्यारेन्टी गर्नुपर्ने, कवाड व्यवसायी, संकलक र मजदुरमाथि काठमाडौं महानगरपालिकाले गरेको कुटपिट, अपहरण, ज्यादती र संरचना भत्काउने कार्यहरू तत्काल रोकिनुपर्ने, ज्यादतीमा संलग्न महानगर प्रहरीलाई कारबाही हुनुपर्ने लगायत माग उनीहरुको छ । उनीहरुले कवाड व्यवसायीलाई राज्यले सुरक्षा दिनसक्नु पर्ने माग गरे ।

पत्रकार सम्मेलनमा कवाड व्यवसायी ओम प्रकाश सिंहले महानगरविरुद्ध सुरु आन्दोलन निर्णायक हुने बताउँदै अब पछाडि नहट्ने बताए । आन्दोलन अब सफल भएरमात्रै टुङ्गिने उनको भनाइ छ । कवाड आन्दोलन संघर्ष समितिका संयोजक रामकेवल गुप्ताले मेयर बालेन शाहले आफूहरूको पेसा व्यवसाय सकाएको बताउँदै अब बालेन र महानगर प्रहरी प्रमुख राजु पाण्डेलाई त्यसै नछाड्ने चेतावनी दिएका छन् ।

# पर्वतारोहण संघका नवनिर्वाचित पदाधिकारीलाई प्रचण्डले दिए बधाई

काठमाडौं(जस)-नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाल पर्वतारोहण संघ (एनएमए) को नवनिर्वाचित कार्यसमितिलाई बधाई ज्ञापन गरेका छन् । सोमबार खुमलटारस्थित निजी निवासमा आयोजित कार्यक्रममा अध्यक्ष प्रचण्डले सत्तारूढ नेपाली काँग्रेस, नेकपा (एमाले) र समाजवादी पार्टीसहितको गठबन्धनलाई पराजित गर्दै विजयी बनेको माओवादी केन्द्रसमेतको गठबन्धनको अध्यक्ष फुर्वा गेल्जे शेर्पा नेतृत्वको प्यानललाई बधाई दिएका हुन् ।

बधाई दिने क्रममा अध्यक्ष प्रचण्डले पर्वतीय पर्यटन व्यवसायको विकासमा संघले महत्वपूर्ण योगदान दिनसक्ने विश्वास व्यक्त गरे । 'नेपालमा पर्वतीय पर्यटन व्यवसायको विकास हुनुपर्छ। अहिले निर्वाचित हुनुभएको अध्यक्षलगायत सम्पूर्ण पदाधिकारी र निर्वाचन प्रक्रियामा सहयोग गर्ने सबैलाई म हाम्रो पार्टी र मेरो तर्फबाट हार्दिक बधाई दिन चाहन्छु । एनएमएलाई अझ सशक्त र प्रभावकारी संस्थाका रूपमा अगाडि बढाउन तपाईंहरूको भूमिकामा मेरो पूर्ण समर्थन रहनेछ,'- प्रचण्डले भने ।

अध्यक्ष प्रचण्डले आफ्नो व्यक्तिगत अनुभव र एनएमएसँगको लामो सम्बन्ध उल्लेख गर्दै पर्वतारोहण र पर्यटन प्रवर्द्धनका लागि सरकारले पनि सक्रिय सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले हाल अन्तिम चरणमा पुगेको पर्यटन सम्बन्धित विधेयक पारित गराउन आफुले सक्रिय भूमिका खेल्ने प्रतिज्ञा पनि गरे । एनएमएको निर्वाचनमा अध्यक्ष फुर्वा गेल्जे शेर्पा नेतृत्वको प्यानल विजयी भएको थियो। एक उपाध्यक्ष र एक सदस्यबाहेकका सबै पदमा उक्त प्यानलका उम्मेदवार निर्वाचित भएका छन् ।

# पालिकालाई अनिवार्य शिक्षाको ग्यारेन्टी गर भन्न सक्नुपर्छ : प्राडा कोइराला

काठमाडौं(जस)-शिक्षाविद् प्रा.डा. विद्यानाथ कोइरालाले विद्यालय शिक्षा विधेयक सरकारी र नीजी विद्यालयबीचको सहकार्यमा चुकेको बताएका छन् । सोमबार सुधार आन्दोलन नेपालले रिपोर्टर्स क्लब नेपालमा आयोजना गरेको साक्षत्कार कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । साथै, देशमा २७ हजार विद्यालयमध्ये १६ हजार विद्यालयमा एक सयभन्दा कम विद्यार्थी रहेको उनले बताए । सरकारको लगानी र निजीको व्यवस्थापनबारे सम्भावना रहेपनि त्यसमा विधेयक चुकेको उनले बताए । प्रतिविद्यार्थी लागत निकालेर निजीलाई जिम्मा दिन पनि सकिने उनले बताए ।

साथै, उनले विद्यालय शिक्षा विधेयक आफूहरुले सोचेजस्तो नआएको बताए । आफूले बारम्बार शिक्षकहरुको महिनाको तलबबाट कट्टी हुनेगरी उनीहरुले जे-जे सुविधा खोज्छन्, त्यो दिऊँ भनेर प्रस्ताव गरे पनि त्यो लागू नभएको उनले बताए । 'हामीले सोचजस्तो आएन, त्यो निश्चित हो । शिक्षकलाई सुविधा दिन मैले बारम्बार भनिरहेको थिएँ, शिक्षकले महिनामा आफ्नो तलबबाट कट्टी हुनेगरी जे-जे सुविधा खोज्छ, त्यो सुविधा दिऊँ । मैले बल गर्न खोजेँ, त्यो सकिएन । त्यो कुरा यहाँ आएन,'- उनले भने ।

साथै, उनले पालिकालाई अनिवार्य शिक्षाको ग्यारेन्टी गर भनेर भन्नुपर्ने अवस्था आएको पनि बताए । विद्यालयबाट बाहिर रहेका विद्यार्थीहरुलाई कसरी पढाउने भन्ने कुराको डिजाइन पालिकाले गर्नुपर्ने उनको भनाइ छ। त्यति गर्न सकिएको खण्डमा मात्रै शिक्षामा सुधारको गुन्जायस देखिने उनले बताए। उनले विद्यालय शिक्षा विधेयकका राजनीति दलको सदस्यता लिन पाइँदैन भनेर पनि महासंघको अधिकार दिइएको बताए । उनले पेशाकर्मीको ट्रेड युनियनमा पहिला पेशा र त्यसपछि दल हुनुपर्ने बताए ।

'महासंघलाई मान्यता दिइएको छ । राजनीतिक दलको पछि लाग्न पाइँदैन भनेर उल्लेख गरिएको छ । पेशाकर्मीको ट्रेड युनियनमा पहिला पेशा हुन्छ । पछि दल हुन्छ । शिक्षक जिम्मेवार हुनुपर्छ । जिम्मेवार भइदिएको भए अर्को सकारात्मक काम हुन सक्थ्यो,'- उनले भने । साथै, विद्यालय शिक्षाको अर्को समस्या भनेको गरिबका ९१ प्रतिशत बालबालिकाहरु सरकारी विद्यालयमा पढ्ने र धनीका ६५ प्रतिशत बालबालिकाहरु निजी विद्यालयमा पढ्ने उनले बताए ।


## Kalika Municipality
## Office of Municipal Executive
Redcrossgram, Chitwan

### INVITATION FOR BIDS

**First date of publication: - 2082-05-10 B.S / (26th August, 2025)**

1. Kalika Municipality, Office of Municipal Executive, Redcrossgram, Chitwan invites electronic bids from eligible bidders for the **Construction of following works** under National Competitive Bidding - procedures, mentioned in the table below.

| S. N. | Contract No. | Description of Work | Estimated Amount (NRs.) Inclusive VAT and PS | Bid Validity/Bid Bond Validity Period | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1. | 04/Works/NCB/ KM/2082/083 | Kholesimal Kamlachowk ClubChowk towards Shaktikhor Road Upgrading Works | **1,89,36,552.22** | 120 days from the date of Bid opening. **(Must be Valid Up to 2082-10-10 B.S (24th January, 2026))** | **4,90,000.00** | **3,000.00** |

**Account details for purchasing bidding document and bid security deposit**

Name of the Bank: Global IME Bank Ltd., Kholesimal Branch, Chitwan.

Name of Office: Kalika Municipality, Office of Municipal Executive, Chitwan.

Office Account no.:11304010000013 (For Purchase Bidding Document), A/C Name: Rajaswa (Revene) Account, राजस्व शिर्षक नं: १४२१९

Office Account no.:11304010000004 (For Bid Security deposit), A/C Name: Ga 3 Dharauti Khata

Last Date of Bids Submission Date: Before 12 PM on **2082-06-10 B.S (26th September, 2025)**

Bids Opening Date: At 13:00 PM on **2082-06-10 B.S (26th September, 2025)**

Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Kalika Municipality, Office of Municipal Executive during office hours or may visit PPMO's e-GP system **www.bolpatra.gov.np/egp.**

**Chief Administrative Officer**